# दलहरुबीच शक्ति बाँडफाँटमा विवाद, संविधानसभा बैठक अन्योलमा

# (मंसिर १६- पुस १६, २०७०)

**भुवन केसी/तिलक पाठक**

**प्रकाशित मिति : पुस २२, २०७० (Jan 6, 2014)**

निर्वाचनमा धाँधली भएको भन्दै आएका राजनीतिक दलहरु लामो समयको प्रयासपछि संविधानसभामा जान तयार भए । व्यापक विरोध र असन्तुष्टीकावीच राजनीतिक दलहरु समानुपातिकतर्फको सूची टुंगो लगाउन सफल भए । साथसाथै त्यसले राजनीतिक दलमा आन्तरिक द्वन्द्व सिर्जना गऱ्यो । त्यति मात्र होइन, संविधानसभाको बैठक प्रधानमन्त्री र राष्ट्रपतिमध्ये कसले बोलाउने भन्नेमा विवाद उत्पन्न भयो । नयाँ जनादेशअनुसार शक्ति बाँडफाँड हुनुपर्ने विषयमा मूलतः नेपाली काँग्रेस र एमालेबीच सहमति हुन सकेन । सहमतिका नाममा समानुपातिकतर्फको नाम टुंगो लाग्न ढिलाइ हुँदा संविधानसभाको बैठक पर धकेलियो ।  दलहरुबीच सहमति पनि नहुने र बैठक बस्न पनि ढिला हुँदा नयाँ सरकार गठन हुन सकेन । राजनीतिक दलहरुबीच तत्काल सहमति भई प्रक्रियाअनुसार एकपछि अर्को काम नभएपछि संविधानसभा निर्वाचनमा जनतामा देखिएको उत्साह क्रमशः हराउँदै गयो ।

## अन्ततः संविधानसभामा जाने सहमति

संविधानसभा निर्वाचनमा भएको भनिएको धाँधलीबारे छानविन गर्न एकीकृत नेकपा माओवादीसहितका १६ दलले स्वतन्त्र उच्चस्तरीय छानविन आयोग गठन गर्न माग गरेपछि त्यसमा काँग्रेस र एमालेले सहमति जनाएनन् । त्यसपछि उनीहरुले छानविन समिति गठन नगरेसम्म समानुपातिकतर्फ सूची पनि नबुझाउने र निर्वाचन आयोगले बोलाएको बैठकमा पनि नजाने बताए । यसले राजनीतिक द्वन्द्व अझ बढायो भने संविधानसभाले पूर्णता पाउन ढिला हुने वातावण सिर्जना गऱ्यो । सरकारले भने निर्वाचनमा धाँधली भएको भन्ने भनाईलाई ठाडै अस्वीकार गरिदियो । उल्टै मन्त्रिपरिषद्को बैठकले ‘संविधानसभा चुनाव निष्पक्ष, स्वतन्त्र, धाँधलीरहित तथा भयरहित र शान्तिपूर्ण वातावरणमा विश्वसनिय ढंगबाट सम्पन्न भएको निष्कर्ष’[1] निकाल्यो । असन्तुष्ट दलहरुको चेतावनीप्रति निर्वाचन आयोग पनि डगमगाएन । उसले राजनीतिक दलहरुले विजयी उम्मेदवारको नाम सिफारिस नगरेपनि बाँकी प्रक्रिया अघि बढाउने दृढता व्यक्त गऱ्यो । र, समानुपातिकतर्फको सिट बाँडफाँड गऱ्यो ।

[1] चुनाव धाँधलीरहित र शान्तिपूर्ण : मन्त्रिपरिषद् । मंसिर १८, २०७० । कान्तिपुर, पृष्ठ ३ ।

निर्वाचनको निष्पक्षताबारे पक्ष/विपक्षमा बहस जारी रहेका बेला एमाओवादीको उच्चस्तरीय तथ्य संकलन कार्यदलले नीतिगत, संस्थागत/संरचनागत तथा प्रकृयागत धाँधली र षडयन्त्र भएको प्रतिवेदन दियो । संस्थागत धाँधली र षडयन्त्र अन्तर्गत कार्यदलले भनेको थियो, 'मतदान केन्द्रबाट मतपेटिका भण्डारण स्थलसम्म ढुवानी गर्दा र भण्डारण गर्दा अधिकांश मतदान केन्द्रमा राजनीतिक दल वा उम्मेदवारका प्रतिनिधिलाई निषेध गरियो । अधिकांश मतदान केन्द्रबाट भण्डारण स्थलसम्म मतपेटिका ढुवानी गर्ने जिम्मेवारी तेस्रो घेराको सुरक्षा निकायको जिम्मामा दिइयो । अधिकांश मतदान केन्द्रमा नेपाली सेनाको व्यारेकलाई मतपेटिका भण्डारण गर्ने स्थलको रुपमा प्रयोग गरियो । मतपेटिका भण्डारण स्थलवाट जिल्ला निर्वाचन कार्यालय (जहाँ मतगणना गरिन्छ)सम्म ढुवानी गर्दा अस्वाभाविक रुपमा घुमाउरो बाटो प्रयोग गरियो । र, लामो समयसम्म मतपेटिका मतगणना केन्द्रमा ल्याइएन ।'[2]

एमाओवादीले निर्वाचनमा परिचालन गरिएको सुरक्षाकर्मी तथा सेनाको भूमिकामाथि गम्भीर प्रश्न उठाएको थियो । माओवादी नेता र पार्टीले एकपछि अर्को रुपमा आरोप लगाइरहेका बेला सेनाले त्यसको प्रतिवाद गऱ्यो । सैनिक जनसम्पर्क निर्देशनालयले प्रेस विज्ञप्ति निकाली 'सरकारको निर्णयबाट प्राप्त कार्यदेश बमोजिम नेपाली सेनाले आफ्नो जिम्मेवारी इमान्दार एवं कर्तव्यनिष्ठ भई पालना गरेको परिप्रेक्ष्यमा केही सञ्चार माध्यमबाट निर्वाचनमा धाँधली भएको भन्ने नाममा आधारहिन, तथ्यहिन एवं भ्रमपूर्ण प्रचारबाजी गरी राष्ट्रिय सेनालाई अनावश्यक रुपमा विवादमा तानी नेपाली सेनाको अराजनीतिक एवं व्यवसायिक चरित्रमाथि प्रहार गर्ने प्रयास एवं प्रचारबाजीप्रति नेपाली सेनाको ध्यानाकर्षण भएको छ'[3] भन्यो ।

काँग्रेस र एमालेले पनि 'संविधानसभाको निर्वाचन आमरुपमा स्वतन्त्र, निष्पक्ष र शान्तिपूर्ण रुपले सम्पन्न भएकोमा सम्बन्धीत सबै पक्षलाई हार्दिक धन्यवाद दिने निर्णय'[4] गरे । उनीहरुबीच एमाओवादी लगायतका सबै राजनीतिक दलहरुसँग सहमतिका लागि वार्ता र संवाद तत्काल प्रारम्भ गर्ने निर्णय पनि भयो । एमाओवादी लगायतका दलहरुले निर्वाचनबारे विवाद निकाले पनि काँग्रेस र एमालेले पनि समानुपातिकतर्फको सुची बुझाएनन् । समानुपातिकको सूची बुझाउने बेलामा एमालेले स्थायी समितिको बैठक गरेर समानुपातिक चयनको मापदण्ड केन्द्रीय कमिटीले बनाउने निर्णय गऱ्यो । काँग्रेसमा खासै छलफल भएन । उनीहरु असन्तुष्ट दलहरुसँग छलफल गरी सहमति बनाउनतर्फ बढी केन्द्रीत भए । शक्ति सन्तुलन फेरिएकाले माओवादी तथा मधेशवादी दलहरुले काँग्रेस र एमाले अघिल्लो संविधानसभामा भएका सहमतिबाट पछि हटन सक्छन भन्ने आशंका गरे ।

[2] एमाओवादीद्वारा गठित कार्यदलको प्रतिवेदन, २०७० ।

[3] आरोप भ्रमपूर्ण प्रचारबाजी : सेना । २१, मंसिर २०७० । कान्तिपुर, पृष्ठ ३ ।

[4] २०७० साल मंसिर २२ गते नेपाली काँग्रेस र नेकपा एमालेबीच तीन बुँदे सहमति भएको थियो ।

त्यसैले उनीहरुको जोड अघिल्लो संविधानसभामा भएका सहमतिलाई टेकेर अघि बढनुपर्छ भन्नेमा रह्यो । काँग्रेस र एमाले नेताहरुसँगको भेटमा एमाओवादी नेताले 'बाह्र बुँदे समझदारी, विस्तृत शान्ति सम्झौता, अन्तरिम संविधानका आधारमा संविधान निर्माणमा लाग्नुपर्ने र निर्वाचनमा धाँधली भएकोमा छानविनका लागि स्वतन्त्र आयोग गठन गर्ने प्रस्ताव'[5] गरे । तर, काँग्रेस र एमाले भने स्वतन्त्र छानविन आयोग गर्न तयार भएनन् । उनीहरुले संसदीय समिति भने बनाउन सकिने धारणा व्यक्त गरे । एमाओवादीसँगको वार्तापछि एमाले नेता रघुजी पन्तले भनेका थिए, 'दलहरुले बाहिरबाट गठन गरेको आयोगको औचित्य र वैधानिकता रहँदैन । सरकार आफैले आफ्नैविरुद्ध छानविन गर्ने कुरा आउँदैन, गर्दैन पनि ।'[6] उता, निर्वाचन आयोगले प्रष्ट रुपमा भन्यो, 'संवैधानिक निकायले गराएको निर्वाचनको संवैधानिक र कानूनी रुपमा पनि छानविन हुन सक्दैन ।'

यता समानुपतिकको सूची बुझाउने समय सकियो । त्यसपछि काँग्रेसले निर्वाचन आयोगलाई समय थप गरिदिन आग्रह गऱ्यो । सोहीअनुसार निर्वाचन आयोगले समानुपातिकको सूची बुझाउने म्याद थप्यो । काँग्रेस र एमाले भने एमाओवादी लगायतका दलहरुलाई मनाउनतिर लागे । पार्टीभित्र छलफल नै नगरी शिर्ष नेताहरुले एमाओवादी लगायतका दलहरुसँग वार्ता गरेकोमा काँग्रेसमा नेतृत्वको तिखो आलोचना भयो । 'पार्टी निर्णयविनै वार्ता गर्ने अधिकार कसले दियो ?'[7] नेतृत्वप्रति प्रश्न उठाउँदै महेश आचार्यले भनेका थिए ।

संविधानसभाको निर्वाचनपछि उच्चस्तरीय राजनीतिक समितिको औचित्य करिव-करिव समाप्त भइसकेको थियो । तर, एमाओवादीले निकालेको विवादका कारण समितिलाई पुन सक्रिय पार्ने प्रयास भयो । त्यसपछि बसेको उच्चस्तरीय राजनीतिक समितिको बैठकमा एमाओवादी लगायतका दलहरुले अघि सारेको मुद्दामा छलफल भयो । यसमा पनि काँग्रेस र एमालेले उच्चस्तरीय स्वतन्त्र छानविन समिति गठन गर्न अस्वीकार गरे । त्यसपछि थप दबाब सिर्जना गर्न १६ दलको बैठक बस्यो । दलहरुले छानविनका लागि स्वतन्त्र आयोग गठन नगर्दासम्म संविधानसभामा नजाने बताए ।

दलहरुबीच सहमति नभएपछि समानुपातिकतर्फ सूची निर्वाचन आयोगमा बुझाउने समय सकिन लाग्यो । तर, पहिलेभन्दा एमाओवादी यसपटक अलि लचक रुपमा प्रस्तुत भयो । काँग्रेस, एमाले र एमाओवादीसहितका दलले म्याद थप्न निर्वाचन आयोगलाई पुनः आग्रह गरे । त्यसपछि आयोगले एक साताको म्याद थप्यो । एमाओवादीलाई मनाउन एमाले काँग्रेसभन्दा अलि लचिलो रुपमा प्रस्तुत भयो । काँग्रेसलाई एमाओवादीको विश्वास लिएर एमालेसँग बार्गेनिङ क्षमता बढाउनु थियो भने त्यही मौकामा एमाओवादी उच्चस्तरीय

---

[5] बिसी, गंगा । मंसिर २४, २०७० । पुराना उपलब्धी यथावत राखिने । कान्तिपुर, पृष्ठ १ ।

[6] तिमल्सिना, प्रकाश । पुस १, २०७० । म्याद थप्न दलहरु एकजुट । नागरिक, पृष्ठ १ ।

[7] अधिकारी, बालकृष्ण । पुस ३, २०७० । कोठे बैठक रोक्न काँग्रेसमा दबाब । नागरिक, पृष्ठ १ ।

समितिमार्फत आफ्नो प्रभाव बलियो पार्न चाहन्थ्यो । ‘एमाओवादी अध्यक्ष पुष्पकमल दाहाल संविधानसभामा बलियो भूमिका खोज्न काँग्रेससँग घनिष्टता बढाउन थालेका छन् । काँग्रेसले एमालेको असहमतिबीच उच्चस्तरीय राजनीतिक समिति कायम राख्ने र त्यसको संयोजक दाहाललाई बनाउने संकेत दिएपछि उनी नजिकिएका हुन् ।[8] त्यसबारे केन्द्रीय समितिको बैठकमा केन्द्रीय सदस्यहरुले कुरा उठाएपछि सभापति कोइरालाले ‘कुनै सहमति नभएको’[9] स्पष्टिकरण दिए ।

त्यसपछि काँग्रेस, एमाले र एमाओवादीबीच पटक-पटक वार्ता भयो । मुख्य दलहरुबीच समझदारी जस्तै भएपछि पुस ९ गते उच्चस्तरीय राजनीतिक समितिको बैठक बस्यो । जसमा संविधानसभा निर्वाचनका सम्बन्धमा उठेका प्रश्नहरुबारे अध्ययन अनुसन्धान गरी सुझाव पेश गर्न व्यवस्थापिका संसदबाट एक संसदीय समिति गठन गर्ने, शान्ति प्रक्रियाका बाँकी काम र संविधान निर्माणमा सहयोग पुऱ्याउने प्रमुख राजनीतिक दलका शिर्ष नेताहरु रहने गरी एक समिति गठन गर्ने, १२ बुँदे समझदारी, विस्तृत शान्ति सम्झौता र नेपालको अन्तरिम संविधानको मूल मर्म र भावनाबमोजिम संविधानसभाबाट संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानको मस्यौदा ६ महिनाभित्र तयार गरी १ वर्षभित्रैमा संविधान घोषणा गर्ने सहमति भयो ।

यस्तै बेपत्तासम्बन्धी छानविन र सत्य निरुपण तथा मेलमिलाप आयोग यथाशिघ्र गठन गर्न पहल गर्नेमा पनि दलहरु सहमत भए ।[10] त्यसपछि दलहरुको आग्रहमा निर्वाचन आयोगले समानुपातिकको सूची बुझाउने समय पुस १५ गतेसम्मका लागि थप्यो । एमाओवादी लगायतका दलहरुसँग भएको सहमतिपछि समानुपातिकतर्फको उम्मेदवारको सूची निर्वाचन आयोगमा नबुझाउने, संविधानसभामा नजाने लगायतका विवाद अन्त्य भयो । र, निर्वाचनको जनमतअनुसार संविधानसभामा प्रतिनिधित्व हुने वातावरण तयार भयो ।

समानुपातिकको सूची बुझाउन निर्वाचन आयोगले दिएको समय

| | **आयोगले तोकेको मिति** | **दलहरुले बुझाउनुपर्ने मिति** |
|---|---|---|
| पहिलो पटक | मंसिर १८ | मंसिर २५ |
| दोस्रो पटक | मंसिर २५ | पुस ३ |
| तेस्रो पटक | पुस १ | पुस १० |
| चौथो पटक | पुस १० | पुस १५ |

[8] काँग्रेससँग नजिकिँदै दाहाल । पुस ५, २०७० । कान्तिपुर, पृष्ठ १ ।

[9] दाहालसँग सहमति भएको छैन : कोइराला । पुस ४, २०७० । नागरिक, पृष्ठ १ ।

[10] सहमतिमा नेपाली काँग्रेसका सभापति सुशील कोइराला, नेकपा एमालेका झलनाथ खनाल, मधेशी जनअधिकार फोरमक लोकतान्त्रिकका अध्यक्ष विजयकुमार गच्छदार, तराई मधेश लोकतान्त्रिक पार्टीका अध्यक्ष महन्थ ठाकुर, मधेशी जनअधिकार फोरम नेपालका भरत बीमल यादव, सदभावना पार्टीका अध्यक्ष राजेन्द्र महतो, तराइ मधेश सदभावना पार्टीका अध्यक्ष महेन्द्र यादवले हस्ताक्षर गरेका थिए ।

## शक्ति बाँडफाँटमा विवाद

संविधानसभाले पूर्णता नपाउँदै मूलतः काँग्रेस र एमालेबीच सत्ताबारे कुरा हुन थाल्यो । कांग्रेसले ठूलो पार्टीको हैसियतले नेतृत्व दाबी गरेपछि एमालेले शक्ति बाँडफाँडको कुरा निकाल्यो । एमालेले राष्ट्रपति, उपराष्ट्रपति, सभामुख, प्रधानमन्त्री लगायतका विषयमा प्याकेजमै समाधान खोज्नुपर्ने बताउन थाल्यो भने काँग्रेसले राष्ट्रपति कुनै हालतमा परिवर्तन नगर्ने र प्रधानमन्त्री सबैभन्दा ठुलो दलको हैसियतले आफैले पाउनुपर्ने दावी गर्‍यो । काँग्रेसले अन्तरिम संविधानको धारा ३६ क मा उल्लेख गरिएको 'राष्ट्रपतिको पदावधि संविधानसभाबाट जारी हुने संविधान प्रारम्भ नभएसम्मका लागि हुनेछ' भन्ने प्रावधानलाई जोड दियो ।

एमाले र एमाओवादीले राष्ट्रपति र उपराष्ट्रपति समेत फेर्ने र त्यसका लागि आवश्यक परे संविधानसमेत संशोधन गर्नुपर्ने पक्षमा रहे । एमालेले नयाँ जनादेश आए अनुसार राष्ट्रपतिको पनि निर्वाचन हुनुपर्नमा जोड दियो । तर, काँग्रेसका नेताहरुले भने राष्ट्रपतिबारे संविधानमा नै स्पष्ट प्रावधान भएकाले संविधान संशोधनभन्दा पनि संविधान निर्माणतिर लाग्नुपर्नेमा जोड दिन थाले । राष्ट्रपतिबारे एमालेले चलाखीपूर्ण तरिकाले भन्यो, 'व्यक्ति एउटै हुने कि अर्को भन्ने अलग कुरा हो । तर, जनादेशअनुसार अनुमोदन हुनुपर्छ ।'[11] तर, एमालेको प्रस्तावलाई काँग्रेस नेतृत्वले अस्वीकार गर्‍यो ।

एमाले अध्यक्ष खनालसँग भेट गरेपछि काँग्रेस सभापति कोइरालाले भने, 'मैले खनालजीलाई संविधानसभाबाट नयाँ संविधान जारी भएपछि राष्ट्रपति र उपराष्ट्रपति स्वतः पदमुक्त हुन्छन् । तसर्थ सहमतिमा संविधान निर्माण गरी जारी नभएसम्म राष्ट्रपतिका बारेमा बखेडा नगरौ भन्ने पार्टीको धारणा राखे ।'[12] भेटमा खनालले जनताले दिएको नयाँ जनादेशलाई सम्मान गरी अघि बढनुपर्छ भन्दै राष्ट्रपति सरकार र संविधान निर्माणसहित सबै विषयमा सहमतिका आधारमा अघि बढनुपर्नेमा जोड दिएका थिए । सोही दिन कोइरालाले मधेशी जनअधिकार फोरम लोकतान्त्रिका अध्यक्ष विजयकुमार गच्छदारसँग पनि भेट गरे । गच्छदारले काँग्रेसको नेतृत्वमा बन्ने सरकारलाई समर्थन गर्ने स्पष्ट पारे । काँग्रेस संसदीय समितिको बैठकले पनि संविधानसभाबाट नयाँ राष्ट्रपति चयन गर्ने प्रक्रियामा जाँदा संविधान निर्माण पछि धकेलिने निष्कर्ष निकाल्यो ।

काँग्रेससँग विवाद बढिरहेका बेला एमाले स्थायी समितिले राजनीतिक सहमति जुटाउन भन्दै वार्ता टोली गठन गर्‍यो ।[13] त्यसपछि एमाले वार्ता टोली सक्रिय भयो । र, काँग्रेससँग तीन बुँदे सहमति भयो । जसमा 'संविधानसभाको निर्वाचनमा प्राप्त परिणामलाई सम्मान गर्दै

---

[11] खनाल, दुर्गा । मंसिर २०, २०७० । राष्ट्रपतिले जनादेश लिनुपर्छ : एमाले । कान्तिपुर , पृष्ठ १ ।

[12] बाँनिया, बलराम । मंसिर २१, २०७०। राष्ट्रपतिबारे बखेडा नगरौ : कोइराला । पृष्ठ १ ।

[13] एमालेले गठन गरेको वार्ता टोलीमा अध्यक्ष झलनाथ खनाल, वरिष्ठ नेता माधवकुमार नेपाल, उपाध्यक्ष वामदेव गौतम, विद्या भण्डारी र महासचिव ईश्वर पोखरेल थिए ।

काँग्रेस र एमाले वर्तमान राजनीतिक अभिभारालाई सरलताका साथ पूरा गर्न आपसी समझदारीका साथ सहकार्य गर्दै अघि बढने सहमति भयो ।'[14] अमूर्त रुपमा गरिएको यस सहमतिले पनि उनीहरुबीच शक्ति बाँडफाँटमा देखा परेको विवाद टुंगो लगाएन । एमाले केन्द्रीय समितिको बैठकमा नेताहले राष्ट्रपति फेर्नुपर्नेमा दबाब दिए । केन्द्रीय कमिटी बैठकको निर्णय थियो,'निर्वाचनमा अभिव्यक्त जनमत नेपाली जनताको भावना र देशको आवश्यकतालाई मनन गर्दै र जनमतलाई स्वीकार गर्दै संविधानसभा तथा संविधान निर्माण प्रक्रियामा सहभागी हुन एनेकपा माओवादी र नेकपा माओवादी लगायत राजनीतिक दललाई आह्वान गरिएको छ ।'[15] त्यसको केही समयपछि काँग्रेस केन्द्रीय समितिको बैठक बस्यो । जसले अरु दलहरुसँगको वार्ता हुँदा राष्ट्रपतिको मुद्दा नउठाउने निर्णय गऱ्यो । काँग्रेसले राष्ट्रपति निर्वाचनको विषय पार्टीगत छलफलमा नल्याउने मात्रै बताएन, एमाले र एमाओवादीले नयाँ जनादेशसँगै राष्ट्रपतिको पनि निर्वाचन हुनुपर्ने विषय उठाइरहेका बेला काँग्रेसले भने त्यसलाई अप्रासांगिक ठान्यो ।[16] मूलतः एमालेसँग सत्ताको बारेमा कुरा नमिलिरहेका बेला पुस ७ गते बसेको काँग्रेस केन्द्रीय कार्य समितिको बैठकले आफ्नो नेतृत्वमा सरकार गठन गर्ने निर्णय गऱ्यो । सहमतिय सरकार विफल भएमात्र बहुमतीयका लागि पहल थाल्ने भन्दै काँग्रेसले सबै दलसँग सहयोगको आग्रह गऱ्यो ।[17]

राष्ट्रपतिको निर्वाचनबारे सार्वजनिक रुपमा बहस भएपछि राष्ट्रपति रामवरण यादव पनि असन्तुष्ट भए । उनको भनाइ थियो, 'राजनीतिक रुपमा समाज ध्रुवीकरण भइरहेका बेला स्वतन्त्र संस्थालाई राजनीतिक कित्तामा विभाजित गराउने प्रयास गर्दा त्यसले मुलुकलाई दीर्घकालिन असर पुऱ्याउने भएकाले राष्ट्राध्यक्षको संस्थालाई लिएर सडकमा विवाद नगरौ ।'[18] सत्ताबारे काँग्रेस र एमालेबीच खटपट भइरहेका बेला त्यसको फाइदा एमाओवादीले उठाउन खोज्यो । काँग्रेस नेताहरुको वार्तामा उसले 'संविधान निर्माणसँग सरोकार राख्ने संविधानसभा अध्यक्ष (सभामुख) र संवैधानिक समितिको नेतृत्व आफूले पाउने शर्तमा काँग्रेस नेतृत्वको सरकारलाई समर्थन जनाउने पक्षमा'[19] उभियो ।

## राष्ट्रपति र मन्त्रिपरिषद् अध्यक्ष आ-आफ्नो अडानमा

समानुपातिक निर्वाचन प्रणालीको सूची राजनीतिक दलहरुले निर्वाचन आयोगमा बुझाउन थालेपछि संविधानसभाको बैठक कसले बोलाउने भन्ने बहस हुन थाल्यो । अन्तरिम संविधानको धारा ६९ को १ मा 'प्रधानमन्त्रीले आह्वान गरे बमोजिम संविधानसभाको पहिलो

[14] २०७० साल मंसिर २२ गते नेपाली काँग्रेस र एमालेबीच तीन बुँदे सहमति भएको थियो ।

[15] २०७० साल मंसिर २६ गते एमालेले जारी गरेको प्रेस विज्ञप्ति ।

[16] न्यौपाने, कुलचन्द्र । पुस ४, २०७० । काँग्रेसले राष्ट्रपतिको मुद्दा नउठाउने । कान्तिपुर, पृष्ठ १ ।

[17] अधिकारी, बालकृष्ण । पुस ८, २०७० । सरकार नेतृत्व गर्न कस्सीयो काँग्रेस । नागरिक, पृष्ठ १ ।

[18] न्यौपाने, कुलचन्द्र । पुस १२, २०७० । निर्वाचनको मागलाई लिएर राष्ट्रपति असन्तुष्ट । कान्तिपुर, पृष्ठ ३ ।

[19] तिमल्सिना, प्रकाश । पुस ३, २०७० । सभामुख र सभापति पाए समर्थन । नागरिक, पृष्ठ १ ।

बैठक बस्नेछ' भन्ने उल्लेख थियो । त्यसैलाई आधार बनाएर अन्तरिम मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीले आफै संविधानसभाको पहिलो बैठक बालाउन चाहे । उता, राष्ट्रप्रमुख भएको हैसियतले राष्ट्रपतिले पनि संविधानसभाको बैठक बोलाउन चाहे । अन्तर्राष्ट्रिय अभ्यास र राष्ट्राध्यक्षको गरिमाका लागि राष्ट्रपतिले नै संविधानसभाको बैठक बोलाउनुपर्छ भन्नेमा राष्ट्रपति कार्यालय देखियो । त्यसका लागि राष्ट्रपति कार्यालय सरकार र राजनीतिक दलहरुलाई ध्यानाकर्षण गराउने पक्षमा पुग्यो । राष्ट्रपति यादव संविधान संशोधन गरेर भएपनि आफैले दास्रो संविधानसभाको पहिलो बैठक बोलाउने प्रयासमा रहे ।[20]

त्यसपछि सरकार र राष्ट्रपति कार्यालयबीच विवाद हुन थाल्यो । सरकारका प्रवक्ता माधवप्रसाद पौडलले 'संविधान अनुसार संविधानसभाको बैठक प्रधानमन्त्रीले बोलाउने'[21] बताए । राष्ट्रपतिका कानूनी सल्लाहकार सूर्य ढुंगेलले 'अन्तराष्ट्रिय विधि र परम्परा अनुसार राष्ट्राध्यक्षले बोलाउने हो, त्यसअनुसार संविधान संशोधन गर्नुपर्ने[22] बताए । तर, सरकार त्यसका लागि संविधान संशोधन गर्ने पक्षमा देखिएन । बरु, मन्त्रिपरिषद्को बैठक बसेर संविधानसभामा सपथबारे भएको अन्योल हटाउन कानून संशोधनका लागि अध्यादेश जारी गर्न राष्ट्रपति कार्यालय पठाउने निर्णय गरियो । संविधानसभामा जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्ने उल्लेख भएपनि सपथ कसले लिने भन्ने उल्लेख नभएकाले सरकारले संविधानसभाका जेष्ठ सदस्यले राष्ट्राध्यक्ष र अरु सदस्यले जेष्ठबाट लिने गरी अध्यादेश बनाई राष्ट्रपति कार्यालय पठायो । बैठक कसले बोलाउने भन्नेमा विवाद जारी रहेका बेला राष्ट्रपतिले बोलाउन माग राख्दै सर्वोच्च अदालतमा रिट दायर भयो ।

मूलतः काँग्रेस राष्ट्रपतिले बैठक बोलाउनुपर्छ भन्ने पक्षमा र एमाले संविधान अनुसार प्रधानमन्त्रीले बोलाउनुपर्छ भनेमा रह्यो । यस विवादलाई अन्त्य गर्नका लागि उच्चस्तरीय राजनीतिक समितिले सरकारलाई सुझाव दिन सक्थ्यो । र, सरकार सोही अनुसार अघि बढ्न सक्थ्यो । तर, त्यसलाई सल्टाउनेभन्दा विवाद जारी राख्दा संविधानसभा बैठक बोलाउन ढिला भयो ।

## काँग्रेसमा विवाद

संविधानसभाबाट सबैभन्दा ठूलो पार्टी भएकाले काँग्रेसको नेतृत्वमा सरकार बन्ने निश्चित प्रायः थियो । सोही अनुसार सभापति कोइरालाले एमालेसँग वार्ता अघि बढाए । एमाले अध्यक्ष झलनाथ खनाल र वरिष्ठ नेता माधवकुमार नेपालले कांग्रेसलाई सहमतिको प्रस्ताव ल्याउन आग्रह गरे । कोइरालाले मधेशी जनअधिकार फोरम लोकतान्त्रिकका अध्यक्ष विजयकुमार गच्छदार, तराई मधेश लोकतान्त्रिक पार्टीका अध्यक्ष महन्थ ठाकुर, नेपाल

[20] शर्मा, भुवन । पुस ६। २०७० । राष्ट्रपति र सरकारबीच बैठक आह्वानबारे द्वन्द्व । नयाँ पत्रिका, पृष्ठ १ ।
[21] न्यौपाने, कुलचन्द्र । पुस ११, २०७० । संविधानसभा कस्ले बोलाउने ? कान्तिपुर, पृष्ठ १ ।
[22] न्यौपाने, कुलचन्द्र । पुस ११, २०७० । संविधानसभा कस्ले बोलाउने ? कान्तिपुर, पृष्ठ १ ।

मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान विजुक्छे लगायतका दलका नेताहरुसँग भेटघाट गरे । र, सहमतिको सरकार गठनका लागि सहयोग गर्न आग्रह गरे । त्यस अतिरिक्त कोइरालाले संविधानसभाभन्दा बाहिर रहेका दलहरुलाई पनि सहमतिमा ल्याउने धारणा व्यक्त गरे । त्यतिबेलासम्म सभापति कोइरालाले नै सरकारको नेतृत्व गर्छन भन्ने थियो । पछि विस्तारै पार्टीभित्र फरक धारका स्वर आउन थाले । 'सरकारको नेतृत्वका लागि कोइरालाले सक्रियता बढाउन थालेपछि वरिष्ठ नेता देउवा र उपसभापति पौडेलले समेत प्रधानमन्त्रीमा आ-आफ्नो दाबी रहेको सन्देश दिन थाले ।[23] देउवाले सके आफै प्रधानमन्त्री हुने र कोइराला प्रधानमन्त्री हुने भए आफूले कार्यवहाक सभापति पाउनुपर्ने शर्त राख्न थाले ।

यता कोइराला प्रधानमन्त्री हुने निश्चित जस्तो भएपछि कोइरालाले संसदीय दलको बैठकले नेता चयन नगर्दासम्म प्रधानमन्त्रीका बारेमा कसैले दाबी गर्दैमा नहुने धारणा व्यक्त गर्न थाले । उनले आफ्ना निकटवर्तीसँग पटक-पटक पहिले प्रधानमन्त्रीमा प्रतिस्पर्धा गरेकाले अहिले पनि पाउनुपर्ने र त्यसका लागि योग्य भएको बताए । महामन्त्री प्रकाशनमान सिंहले कोइरालाले नेतृत्व गर्ने बताएपनि त्यसका लागि केन्द्रीय समितिमा छलफल भएन । 'सरकार गठनबारे छलफल गर्न बसेको केन्द्रीय समितिको बैठकमा कुनै पनि केन्द्रीय सदस्यले पार्टीबाट को प्रधानमन्त्री हुने भन्ने विषय नै उठाएका छैनन ।[24] तीन नेताले आ-आफ्नो अनुकुल खोजेपछि भित्रभित्रै विवाद चल्दै थियो । त्यति नै बेला सभापतिसहितका नेताहरु संविधानसभाको निर्वाचनप्रति असन्तुष्ट रहेका नेताहरुसँग वार्ता गरी सहमति गर्न र समानुपातिकको उम्मेदवार चयनका लागि केन्द्रीत भए । त्यसपछि प्रधानमन्त्री हुने कुरा छायाँमा पर्दै गयो ।

## नेताहरु संविधानसभा अदालतमा

संविधानसभामा निर्वाचन भएको कुरा एमाओवादी लगायतका १६ दलले संस्थागत रुपमा धाँधली भएको बताएपनि अरु दलका केही नेताले भने क्षेत्रगत रुपमा धाँधली भएको आरोप लगाए । धुनषा क्षेत्र नम्बर ५ का उम्मेदवार रघुवीर महासेठले धाँधली भएको भन्दै बदर गर्न माग गरे । राष्ट्रपतिका छोरा  चन्द्रमोहन यादवलाई जिताउन राज्य संयन्त्र प्रयोग भएको महासेठको आरोप थियो । सिराहा क्षेत्र नम्बर ५ का एमाले उम्मेदवार लिलानाथ श्रेष्ठले एमाओवादीका उम्मेदवार पुष्पकमल दाहाललाई जिताउन धाँधली गरिएको भन्दै संविधानसभा अदालतमा उजुरी दिए । एमालेकी उम्मेदवार भगवती चौधरीले  सुनसरी ३ मा निर्वाचनमा धाँधली गरेर जितेको भन्दै मधेशी जनअधिकार फोरम लोकतान्त्रिकका अध्यक्ष विजयकुमार गच्छदार विरुद्ध संविधानसभा अदालतमा मुद्दा हालिन् ।

---

[23] न्यौपाने, कुलचन्द्र । मंसिर २९, २०७० । कांग्रेसमै तानातान । कान्तिपुर, पृष्ठ १ ।

[24] सापकोटा, रमेश । पुस ७, २०७० । भावी प्रधानमन्त्रीबारे काँग्रेस बैकठ मौन । नयाँ पत्रिका, पृष्ठ १ ।

| क्रस | मुद्दा हाल्ने नेता | विरुद्ध | क्षेत्र नम्बर |
|---|---|---|---|
| १ | नन्द किशोर पुन (एकीकृत नेकपा माओवादी) | गगन थापा (नेपाली काँग्रेस) | काठमाडौं क्षेत्र नं ४ |
| २ | शिव पुजन राय (संघीय सदभावना ) | अमेरश कुमार सिंह (नेपाली काँग्रेस) | सर्लाही क्षेत्र नम्बर ६ |
| ३ | गफार अन्सारी (मधेशी जनअधिकार फोरम लोकतान्त्रिक) | उपेन्द्र यादव (मधेशी जनअधिकार फोरम नेपाल ) | सुनसरी क्षेत्र नम्बर ५ |
| ४ | भगवती चौधरी (नेकपा एमाले) | विजयकुमार गच्छदार (मधेशी जनअधिकार फोरम लोकतान्त्रिक) | सुनसरी क्षेत्र नम्बर ३ |
| ५ | अजयकुमार गुप्ता (मधेशी जनअधिकार फोरम लोकतान्त्रिक) | माधवकुमार नेपाल (नेकपा एमाले) | रौतहट क्षेत्र नम्बर १ |
| ६ | जीपछिरिङ लामा (नेपाली काँग्रेस)<br>विकास खडका (एकीकृत नेकपा माओवादी) | पार्वत गुरुङ (नेकपा एमाले) | दोलखा क्षेत्र नम्बर १ |
| ७ | रविकला शर्मा (नेपाली काँग्रेस) | हितराज पाण्डे (एकीकृत नेकपा माओवादी) | गोरखा क्षेत्र नम्बर २ |
| ८ | लिलानाथ श्रेष्ठ ( नेकपा एमाले) | पुष्पकमल दाहाल (एकीकृत नेकपा माओवादी) | सिरहा क्षेत्र नम्बर ५ |
| ९ | गोम्बु शेर्पा (एमाओवादी) | बलबहादुर केसी (नेपाली काँग्रेस) | सोलुखुम्बु क्षेत्र नम्बर १ |
| १० | गयानन्द गगाइ (नेपाली काँग्रेस) | शिवकुमार मण्डल (एमाओवादी) | मोरङ क्षेत्र नम्बर ४ |
| ११ | नवल किशोर झा ( सदभावना) | अशोक कुमार मण्डल (एमाओवादी) | सप्तरी क्षेत्र नम्बर नम्बर २ |
| १२ | रामरिझन यादव ( एमाओवादी) | सितादेवी यादव (नेपाली काँग्रेस) | सिरहा क्षेत्र नम्बर ३ |
| १३ | जानकीशरण झा ( सदभावना)<br>जयनुल राइन (राष्ट्रिय मधेश समाजवादी पार्टी) | किरण यादव (नेपाली काँग्रेस) | महोत्तरी क्षेत्र नम्बर २ |
| १४ | सुरिता कुमार झा ( सदभावना) | चन्देश्वर झा (स्वतन्त्र) | महोत्तरी क्षेत्र नम्बर ४ |

मोरङ ४ मा पराजित काँग्रेस उम्मेदवार गयानन्द मण्डल गगाइले एमाओवादीका शिवकुमार मण्डल केवटले धाँधली गरेको भन्दै अदालतमा मुद्दा दिए भने दोलखा १ बाट पराजित काँग्रेस उम्मेदवार जिपछिरिङ लामाले एमाले उम्मेदवार पार्वत गुरुङ विरुद्ध संविधानसभा अदालतमा मुद्दा दायर गरे । सिंगो क्षेत्र र मतदान केन्द्रमा धाँधली भएको भन्दै संविधानसभा

अदालतमा मुद्दा हाल्ने क्रम बढ्यो । प्रत्यक्षमा मात्र नभएर समानुपातिक निर्वाचनमा समेत धाँधली भएको भन्दै संविधानसभा अदालतमा मुद्दा पऱ्यो । संघीय समाजवादी गणतान्त्रिक पार्टीका समानुपातिक उम्मेदवार शर्मिला लामाले पुन मतगणनाको माग गर्दै अदालतमा मुद्दा हालेकी थिइन् ।

## समानुपातिकका कारण अधिकांश दलमा विवाद

निर्वाचन आयोगले समानुपातिकको सिट बाँडफाँड गरेपछि दलका नेताहरुले आन्तरिक रुपमा गृहकार्य शुरु गरे । त्यसपछि एमालेतर्फ समानुपातिकमा रहेका उम्मेदवारले एमाले अध्यक्ष झलनाथ खनाल, वरिष्ठ नेता माधवकुमार नेपाल, केपी शर्मा ओलीसँग भेट बढाए भने काँग्रेस सभापति सुशील कोइराला, वरिष्ठ नेता शेरबहादुर देउवा, उपसभापति रामचन्द्र पौडेलको घरमा पुग्नेको संख्या बढ्यो । पार्टी कार्यालय र नेताको घरमा धाउने भएपछि एमाले नेताहरुले बल्खुस्थित केन्द्रीय कार्यालयमा बैठक गर्न छोडेर सानेपास्थित मनमोहन स्मृति प्रतिष्ठानमा गरे । राजधानीमा जम्मा भएर उम्मेवारहरुले दबाब दिन थालेपछि उम्मेदवारहरुलाई एमालेले सम्बन्धीत जिल्ला जान निर्देशन जारी गऱ्यो जसमा भनिएको थियो, 'समानुपातिक तर्फको उम्मेदवार बन्नु भएका कमरेडहरु र उहाँहरुका समर्थकहरुको ठूलो पंक्ति राजधानीमा केन्द्रीत भएर पार्टीका नेताहरु समक्ष डेलिगेसन जाने, आग्रह र अनुरोध गर्ने तथा दबाब दिने जस्ता प्रवृतिहरु देखा परेका छन् । पार्टीले निश्चित मापदण्डका आधारमा विवेकपूर्ण एवं औचित्वपूर्ण ढंगले सभासदहरुको नामावाली चयन गर्ने र निर्वाचन आयोग समक्ष सिफारिस गर्नेछ । तसर्थ समानुपातिक सूचीका उम्मेदवार र उहाँका समर्थकहरुलाई अबिलम्ब आ-आफ्नो कार्यक्षेत्र फर्किन र पार्टीको परिभाषित काममा लाग्नका लागि निर्देशित गरिएको छ ।'

काँग्रेस संसदीय समितिले पार्टीमा पुऱ्याएको योगदान, पार्टीभित्रको सिद्धान्त र नीतिलाई प्रस्तुत गर्ने क्षमता भएका समूहगत प्रतिनिधित्व गर्दा क्षेत्रगत सन्तुलन र पार्टी संगठन निर्माण तथा क्रियाशिलतामा पार्न सक्ने प्रभावलाई आधार बनाउने मापदण्ड तय गऱ्यो । पार्टीभित्रको गुट उपगुट र दबाबले गर्दा समानुपातिकमा उम्मेदवार चयन गर्न हम्मे हम्मे पऱ्यो । एमाले नेताहरुले राजधानीको गोकर्ण रिसोर्टमा चार दिन बसेर समानुपातिकको टुंगो लगाए । जब एमालेको सूची सार्वजनिक भयो, त्यसलाई लिएर ठूलो विवाद भयो । योग्यता र क्षमता भएका र पार्टीमा योगदान पुऱ्याएकालाई छुटाइएको तथा पैसा र पहुँचका भरमा बाँडिएको भन्दै व्यापक आलोचना भयो । सुनसरी, अछाम, सोलुखुम्बु लगायतका जिल्लामा असन्तुष्टि देखापऱ्यो । अनेरास्ववियूकी पूर्व अध्यक्ष समेत भइसकेकी रामकुमारी झाँक्रीले आफु समानुपातिक सभासदमा नपरेपछि भनिन्, 'पार्टीले आन्दोलनबाट खारिएर आएकालाई

होइन, पैसाको बोरा बोकेर दैलो धाउनेलाई प्राथमिकता दियो । यसले पार्टीलाई धरासायी बनाउँछ ।'[25]

यस्तै काँग्रेसमा केन्द्रीय सदस्यहरुले पैसा, चाकरी र पहुँचको भरमा समानुपातिकमा उम्मेवार छनोट नगर्न नेतृत्वलाई दबाब दिए । तर, नेताहरुले गुटबन्दीका आधारमा सभासद बनाउने शैली छाडेनन् । आफू निकटका सभासद्हरुको संख्या बढी भए शिर्ष नेताहरुलाई संसदीय दलदेखि पार्टीमा समेत प्रभुत्व जमाउन सजिलो हुने भएकाले प्रमुख नेताहरु खल्तीमा आफ्ना सूची बोकेर हिडे ।[26] सभापति कोइराला र देउवाले भागवण्डा गरेको भन्दै अन्य नेताहरु पनि आफनो हिस्सा खोज्न थाले । कोइराला र देउवाबीच भागवण्डा भएपछि उपसभापति रामचन्द्र पौडेलले ३३ प्रतिशत दाबी गरे ।[27] व्यापारिक तथा दातालाई समानुपातिकमा लाने/नलाने भन्नेमा पनि विवाद भयो । केन्द्रीय सदस्यहरुको व्यापक दबाबपछि काँग्रेसले तिलकबहादुर रानाभाट, खुमाप्रसाद आर्याल, महेशकुमार जाजु, शशिकान्त अग्रवाल, दिव्यमणी राज भण्डारीलाई समानुपातिकमा लगेन । मापदण्ड विपरित पनि चयन गरिएको भन्दै केन्द्रीय सदस्यहरु आमोद उपाध्याय, गगन थापा, अर्जुन जोशी, राजन पन्त, बाबुराम रानाभाट, सुरेन्द्र पाण्डे, मीना सुब्बा, रामेश रिजाल, जीवनबहादुर शाही, अजयकुमार चौरसिया, दीपकुमार उपाध्याय र चन्द्र भण्डारीले नोट अफ डिसिन्ट लेखे । जिल्लाबाट नपरेको भन्दै कार्यकर्ताले म्याग्दीमा पार्टीको जिल्ला कार्यालयमा तालाबन्दी गरे ।

हुन त निर्वाचनबाट तेस्रो शक्तिमा खुम्चिएपछि एमाओवादीमा पनि आन्तरिक किचलो शुरु भएको थियो । अध्यक्ष दाहाल उच्चस्तरीय छानविन समिति गठन नभएसम्म संविधानसभामा जान तयार थिएनन् । नारायणकाजी श्रेष्ठ जानुपर्ने पक्षमा थिए । बाबुराम भट्टराई त्यति प्रष्ट भएनन् । उनले शान्ति र संविधानको बाटोबाट प्राप्त उपलब्धीको रक्षा गर्दै अग्रगामी दिशामा अघि बढनु नै तत्काल सही कार्यदिशा हुन्छ भन्नेमा दृढ भएको बताए । संविधानसभामा जाने नजानेमा द्वन्द्व देखिएका बेला भट्टराई पक्षले निर्वाचनमा भएको पराजयलाई लिएर अध्यक्ष दाहालले आत्मालोचना गर्नुपर्ने दबाब दियो । त्यसपछि माओवादी अध्यक्ष दाहालले भने, 'सिंगो लडाईमा एउटा हार हुने बित्तिकै कमाण्डर भाग्न मिल्दैन ।'[28] बाबुराम भट्टराईले एक्काइसौं शताब्दीमा संविधानसभाबाट नयाँ संविधान बनाउने क्रममा लोकतन्त्रको नयाँ मोडल विकास गर्न विशेष ध्यान दिनुपर्ने भन्दै 'पार्टीको नेतृत्वमा एउटै व्यक्ति दुई कार्यकाल भन्दा बढी बस्न नपाउने'[29] धारणा अघि सारे । यसबाट दाहाल पक्ष चिढियो । उनीहरुले भट्टराइले दाहालको नेतृत्वबारे प्रश्न उठाएको

---

[25] बजगाईं, रामशरण । पुस १४, २०७० । समानुपातिक सूचीले एमालेमा असन्तुष्टि । नयाँ पत्रिका , पृष्ठ १ ।

[26] खनाल, दुर्गा । पुस १३, २०७० । समानुपातिकमा सकस । कान्तिपुर, पृष्ठ २ ।

[27] काँग्रेसमा ६०-४० को भागवण्डा । पुस १५, २०७० । नागरिक, पृष्ठ १ ।

[28] बिसी, गंगा । मंसिर ३०, २०७० । एमाओवादी शिर्ष नेताबीच घोचपेच । कान्तिपुर, पृष्ठ १ ।

[29] Retrieved from https://www.facebook.com/DrBaburamBhattarai . December 20,2014.

रुपमा लिए । एमाओवादी नेता जनार्जन शर्माले 'निर्वाचनको परिणामलाई लिएर एक व्यक्ति (नेतृत्व)लाई मात्र आक्रमण गरिए सह्य हुँदैन'[30] भन्दै भट्टराई पक्षलाई चेतावनी दिए । त्यसपछि भट्टराईले प्रतिवाद गर्दै भने, 'चोरको खुट्टा काट भन्दा चोरले नै खुट्टा थुते झैं मेले सममाकालिन विश्वको सबभन्दा महत्वपूर्ण वैचारिक-राजनीतिक प्रश्न लोकतन्त्र सुहाउँदो नयाँ मोडलबारे चलाउने चाहेको सार्वजनिक बहसबारे धेरैले अत्यन्तै सकारात्मक धारणा राखेपनि केही वामभित्रकै महानुभावहरुले भने सैद्धान्तिक बहसको प्रक्रियामाथि नै बन्देज लगाउने धृष्टता गरेको देख्दा कम्युनिष्ट आन्दोलन अन्तराष्ट्रिय रुपमा किन रक्षात्मक बन्न पुगेको रहेछ भन्ने बुझ्न थप मद्दत पुगेको छ ।'[31]

सरकारमा जाने/नजानेबारे पनि एमाओवादीमा विवाद देखा पऱ्यो । दाहाल पक्षले काँग्रेसलाई निशर्त समर्थन गर्न सकिने बताए । उता, भट्टराई पक्षले भने त्यसो गर्न नहुने भन्दै दाहाल पक्षको आलोचना गरे । विवाद बढ्दै गएपछि संगठनिक अधिवेशनको पनि चर्चा शुरु भयो । माओवादीले समानुपातिक चयनका लागि नयाँ अनुहार, क्षेत्रगत प्रतिनिधित्व, संविधानसभामा प्रभावकारी भूमिका खेल्न सक्ने, एउटा परिवारबाट दुई जना नबनाउने, युद्धमा मारिएका, बेपत्ता पारिएका र घाइतेका परिवारलाई प्राथमिकता दिने मापदण्ड बनाएको थियो । सोही अनुसार उम्मेदवार चयन गर्ने भन्दै कृष्णबहादुर महरा, टोपबहादुर रायमाझी, गिरिराजमणि पोखरेल, वर्षमान पुन लगायतबीच छलफल भयो । त्यसमा सहमति हुन सकेन । पुन र महराले दाहाल पक्षलाई मात्र समेटेको भन्दै रायमाझी र पोखरेल बाहिरिए । अनि सूचीबारे छलफल गर्न बोलाउँदा सूचीमा दाहालले आफ्ना पक्षलाई मात्र पठाउन लागेको भन्दै भट्टराई र श्रेष्ठले बैठक बहिस्कार गरे । त्यसपछि दाहाल पक्षले एकलौटी रुपमा सूची बुझायो । त्यसपछि भट्टराई र श्रेष्ठ पक्ष दाहालको विरुद्ध एकजुट भए । उनीहरुले सूची बुझाउन दबाब दिए । तर, अध्यक्ष दाहाल त्यसमा टसमस गरेनन् । त्यसपछि भट्टराइ र श्रेष्ठ पक्ष दाहालसँग आक्रोशित भए । भट्टराईविरुद्ध रणनीति बनाउन उनीहरुले आफ्नो पक्षकासँग छुट्टा छुट्टै भेला पनि गरे ।

उता, जिल्लाबाट एकजना पनि नपारिएको भन्दै राप्रपा नेपालका कार्यकर्ताले मकवानपुरको पार्टी कार्यालयमा तालाबन्दी र तोडफोड गरे । केन्द्रमा पार्टी विभाजन हुने तहमा पुगी विवाद भयो । बालकृष्ण न्यौपाने, प्रल्हाद साह लगायतले २४ जना उम्मेदवारको बैधानिकतामाथि प्रश्न उठाउँदै निर्वाचन आयोगमा उजरी दिए । बन्द सूचीबाट विजयी उम्मेदवारहरुको सिफारिस केन्द्रीय कार्य समिति वा सो सरहको समितिको निर्णयअनुसार हुनुपर्नेमा थापाले एकलौटी गरेको उनीहरुको आरोप थियो ।

एकसिट मात्र पाएको मधेश समता पार्टीमा पनि विवादले चर्को रुप लियो । पार्टी अध्यक्ष मेधराज निषादले आफ्नो नाम दिए भने असन्तुष्ट पक्षले बेचन मुखियाको दियो । यसरी

[30] तिमल्सिना, प्रकाश । पुस ११, २०७० । दाहालको कमजोरीले पराजय । नागरिक, पृष्ठ १ ।
[31] Retrieved from https://www.facebook.com/DrBaburamBhattarai . December 24,2014.

समानुपातिक सभासदको विषयलाई लिएर ठूलादेखि साना दल सबैमा विवाद देखा पऱ्यो जुन विवाद क्रमशः भ्फागिदै गयो । प्रत्यक्ष निर्वाचनमा पराजित भएका सदभावनाका अध्यक्ष राजेन्द्र महतोले आफनी श्रीमती सहिलदेवी महतोलाई समानुपातिकतर्फबाट सभासद बनाए । एक/एक सीट ल्याउन सफल भएको संघीय सदभावना र मधेशी जनअधिकार फोरम गणतान्त्रिकबाट अध्यक्षपत्नीलाई नै सभासद बनाइयो । संघीय सदेभावनाका अध्यक्ष अनिल कुमार झाले डिम्पल झालाई  र मधेशी जनअधिकार फोरमका अध्यक्ष राजकिशोर यादवले सरिता यादवलाई चयन गरेपछि पार्टीभित्रवाट मात्र नभएर सर्वसाधरणले समेत यस कार्यको आलोचना गरे ।

**निष्कर्ष**

एमाओवादी नेतृत्वमा रहेका दलहरुमा जनादेशलाई स्वीकार गर्ने र चुनाव परिणामलाई सहर्ष स्वीकार गर्ने राजनीतिक संस्कार देखिएन । निर्वाचनमा धाँधली भए त्यसबारे कुरा उठाउने उनीहरुमा अधिकार थियो । त्यसका लागि संविधानसभा अदालत पनि गठन गरिएको थियो । तर, उनीहरु शर्तहरु राख्ने र संविधानसभामा नै नजाने चेतावनी दिन थाले । तर पछि अडानमा रहन नसक्दा त्यो केवल बार्गिनिङ र कार्यकर्ता अल्माउने चाल थियो भन्ने स्पष्ट भयो ।

काँग्रेसका नेताहरुले परिस्थिति अनुसारभन्दा पनि सबै कुरालाई आफ्नो अनुकुल व्याख्या गर्ने प्रयास गरे । ठूलो पार्टीको हैसियतले अघि बढेर नेतृत्व लिने भन्दा राष्ट्रपति पनि आफ्नै रहने र प्रधानमन्त्री पनि आफैले लिने पक्षमा काँग्रेस देखियो । एमाले नेताहरुले सहमतिका लागि प्याकेज मागेका थिए । तर, काँग्रेसका नेताहरु प्याकेजमा सहमति गर्नेभन्दा पनि संविधान निर्माणमा ढिलाइ हुन्छ भन्ने नाममा एमालेको कुरा नसुन्ने र बरु एमाओवादीसँग नजिकिएर अर्कै गठवन्धन बनाउने प्रयासमा लागे ।

समानुपातिकका विषयमा प्राय सबै दलमा विवाद भयो । मापदण्ड नबनाउने र बनाए त्यसलाई पालना नगर्ने र नेताहरुले आफूखुसी समेत गर्दा पार्टीभित्रबाट मात्रै होइन, जनस्तरबाट समेत व्यापक आलोचना हुने वातावरण बन्यो । राजनीतिक दलहरुमा जवाफदेहिता र राजनीतिक संस्कारमा ठूलै समस्या रहेको देखायो । पार्टी नेताहरु पद्धति अनुसार भन्दा पनि आफूले पद पाउन मरिहत्त गरेको स्थिति रह्यो । पार्टी सभापतिले प्रधानमन्त्री पाउनुपर्नेमा अरुले दाबी गर्ने, निर्वाचनमा पराजित भएको बाहनामा नेतृत्वलाई कमजोर बनाएर आफू शक्तिशाली हुने प्रवृतिले राजनीतिमा पद्धित स्थापित गराउन मद्दत पुग्ने छैन ।